# नेपाल राष्ट्र बैंक समाचार

वर्ष ४० | अंक ११ | नेपाल राष्ट्र बैंक समाचार | साउन २०७३ | जुलाई-अगस्ट २०१६

## आर्थिक वर्ष २०७३/०७४ को मौद्रिक नीति सार्वजनिक

गभर्नर डा. चिरंजीबि नेपालले असार ३० गते आर्थिक वर्ष २०७३/७४ को मौद्रिक नीति सार्वजनिक गर्नुभयो ।



गभर्नर डा. नेपालले सार्वजनिक गर्नु भएको सो मौद्रिक नीति छिमेकी मुलुकहरू तथा विश्वको आर्थिक वृद्धिको अवस्था, युरोपको आप्रवासी समस्या जस्ता अन्तर्राष्ट्रिय गतिविधि र गतवर्षको विनाशकारी भूकम्पपछिको पुनर्निर्माण, विप्रेषणको आप्रवाह जस्ता आन्तरिक परि दृष्यलाई दृष्टिगत गरी तर्जुमा गरिएको छ । वित्तीय क्षेत्र स्थायित्व, तरलता व्यवस्थापन, मुद्रास्फीति नियन्त्रण, वित्तीय पहुँच अभिवृद्धि तथा वित्तीय साक्षरताको विषयलाई समेत यस मौद्रिक नीतिले सम्बोधन गरेको छ ।

(मौद्रिक नीतिको सारांश पेज ८ मा प्रकाशित छ ।)

## भवन निर्माणको लागि समझदारी



नेपाल राष्ट्र बैंक र सहरी विकास मन्त्रालय, केन्द्रीय आयोजना कार्यान्वयन एकाइ बीच नेपाल राष्ट्र बैंकको आवश्यक पूर्वाधार सहित भवन निर्माणको लागि असार १९ गते एक समझदारीपत्रमा हस्ताक्षर भयो । सो समझदारीपत्रमा नेपाल राष्ट्र बैंकको तर्फबाट सामान्य सेवा विभागका का. मु. कार्यकारी निर्देशक रमेशकुमार पोखरेल र सहरी विकास मन्त्रालयको तर्फबाट सहसचिव एवम् आयोजना निर्देशक शिवहरि शर्माले हस्ताक्षर गर्नुभयो ।

गभर्नर डा. चिरंजीबि नेपाल तथा डेपुटी गभर्नरद्वय चिन्तामणि शिवाकोटी र शिबराज श्रेष्ठको समुपस्थिति रहेको उक्त समझदारीपत्र हस्ताक्षर समारोहमा सामान्य सेवा विभागका निर्देशक तेजबहादुर राना मगर, का.मु. निर्देशक पोमनाथ गौतम र उपनिर्देशक गुरुप्रसाद पौडेलका साथै सहरी विकास मन्त्रालयका नि. सचिव/आयोजना निर्देशक शम्भु के.सी., उपआयोजना निर्देशक परीक्षित कडरिया र प्रमुख लेखा नियन्त्रक निरज के.सी. को पनि उपस्थिति रहेको थियो ।

समझदारी पश्चात् नेपाल राष्ट्र बैंकको केन्द्रीय कार्यालय, बालुवाटार तथा बैंकिङ कार्यालय, थापाथलीको आवश्यक पूर्वाधार सहित भवन निर्माण हुने अपेक्षा गरिएको छ ।



## गभर्नर डा. नेपाल International Conference मा सहभागी

गभर्नर डा. चिरंजीबि नेपाल The Bank of Korea ले South Korea को Seoul मा साउन ४ गते आयोजित The BOK KIEP-PIIE International Conference मा सहभागी हुन साउन २ गते दक्षिण कोरियातर्फ प्रस्थान गर्नु भयो । उक्त कार्यक्रममा सहभागी भई गभर्नर डा. नेपाल साउन ६ गते स्वदेश फर्कनु भयो । सो कार्यक्रममा गभर्नर डा. नेपालका साथ अनुसन्धान विभागका कार्यकारी निर्देशक नरबहादुर थापाको पनि सहभागिता रहेको थियो ।

नेपाल राष्ट्र बैंक समाचार www.nrb.org.np मा पनि पढ्न सकिन्छ ।

# गभर्नर डा. नेपालद्वारा एकीकृत कारोबारको शुभारम्भ

गभर्नर डा. चिरंजीबि नेपालले असार ३० गते काठमाडौंमा आयोजित एक समारोहमा सनराइज बैंक लिमिटेडले नारायणी नेशनल फाइनान्स लिमिटेड प्राप्ति गरेपछिको एकीकृत कारोवारको समुद्घाटन गर्नुभयो ।

एकीकृत कारोबारको समुद्घाटन पश्चात सो समारोहलाई सम्बोधन गर्नुहुँदै गभर्नर डा. नेपालले केवल पुँजी वृद्धिका लागि मात्र नभई क्षमता, सञ्जाल, सिर्जनात्मकता आदिलाई सबल बनाउनका लागि पनि संस्थाहरू एकापसमा गाभिने गर्दछन् भन्ने उदाहरण देखिएको बताउनु भयो । नयाँनयाँ क्षेत्रहरू पहिचान गरी पुँजीलाई उत्पादनशील क्षेत्रमा लगानी गरेमा आयात प्रतिस्थापन पनि हुने र आत्मनिर्भर पनि बन्न सक्ने उल्लेख गर्नु हुँदै उहाँले नेपालको वस्तु आयातको तुलनामा निर्यात अत्यन्त कम रहेकोमा चिन्ता व्यक्त गर्नुभयो ।

साविकको सनराइज बैंक लिमिटेडले नारायणी नेशनल फाइनान्स लिमिटेडलाई सो संस्थाको सम्पूर्ण सम्पत्ति तथा दायित्व आफुमा सर्ने गरी प्राप्ति (एक्विजिशन) गरेपछि मिति २०७३।०३।३० गतेदेखि साविकका दुवै संस्थाबाट सञ्चालन हुँदै आएको सम्पूर्ण वित्तीय कारोबार "सनराइज बैंक लिमिटेड" को नामबाट सञ्चालन भएको हो ।

एकीकृत कारोबार उद्घाटन कार्यक्रममा डेपुटी गभर्नरद्वय चिन्तामणि शिवाकोटी र शिबराज श्रेष्ठको पनि सहभागिता रहेको थियो । साथै, विभिन्न बैंक तथा वित्तीय संस्थाका पदाधिकारीहरू, उद्योगी तथा व्यवसायीहरू लगायतको पनि कार्यक्रममा उपस्थिति रहेको थियो ।






सोही दिनको अर्को कार्यक्रममा गभर्नर डा. चिरंजीबि नेपालले बैंक अफ काठमाण्डू लिमिटेड र लुम्बिनी बैंक लिमिटेड एकापसमा गाभिई बनेको बैंक अफ काठमाण्डू लुम्बिनी लिमिटेडको एकीकृत कारोवारको शुभारम्भ गर्नुभयो ।

सो कार्यक्रममा प्रमुख अतिथि गभर्नर डा. नेपालले संस्था ठुलो हुनु भनेको जिम्मेवारी पनि बढ्नु हो भन्नु हुँदै निक्षेपलाई सुरक्षित तवरले लगानी गर्ने बैंकले नै सर्वसाधारणको भरोसा र विश्वास जित्न सक्ने धारणा राख्नुभयो । उहाँले बैंक तथा वित्तीय संस्थाको पुँजी वृद्धिले देशको आर्थिक विकासमा पार्ने सकारात्मक प्रभावका सम्बन्धमा प्रकाश पार्नुभयो र नेपाल राष्ट्र बैंक सधैं बैंक तथा वित्तीय संस्थाको साथमा रहेको बताउनु भयो ।

साविकका बैंक अफ काठमाण्डू लिमिटेड र लुम्बिनी बैक लिमिटेड एक आपसमा सम्पूर्ण सम्पत्ति तथा दायित्व सर्ने गरी गाभिए पछि मिति २०७३।०३।३० गतेदेखि साविकका दुवै संस्थाबाट सञ्चालन हुँदै आएको सम्पूर्ण वित्तीय कारोबार "बैंक अफ काठमाण्डू लुम्बिनी लिमिटेड" को नामबाट एकीकृत रुपमा सञ्चालन भएको हो ।

कार्यक्रममा डेपुटी गभर्नरद्वय चिन्तामणि शिवाकोटी र शिबराज श्रेष्ठको उपस्थिति रहेको थियो । साथै, विभिन्न बैंक तथा वित्तीय संस्थाका पदाधिकारीहरू लगायत उद्योगी तथा व्यवसायीहरूको पनि कार्यक्रममा उल्लेख्य उपस्थिति थियो ।

## एकीकृत कारोबार

साविकको इजाजतपत्रप्राप्त सिटिजन्स बैंक इन्टरनेशनल लिमिटेडले अर्को इजाजतपत्रप्राप्त संस्था प्रिमियर फिनान्स लिमिटेडलाई सो संस्थाको सम्पूर्ण सम्पत्ति तथा दायित्व आफुमा सर्ने गरी प्राप्ति (एक्विजिशन) गरेको छ । मिति २०७३।०४।०२ गतेदेखि साविकका दुवै संस्थाबाट सञ्चालन हुँदै आएको सम्पूर्ण वित्तीय कारोबार "सिटिजन्स बैक इन्टरनेशनल लिमिटेड" को नामबाट सञ्चालन भएको छ ।

## एकीकृत कारोबार सुरु

बिजनेश युनिभर्सल डेभलपमेण्ट बैंक लिमिटेड सिद्धार्थ बैंक लिमिटेडमा गाभिए पश्चात एकीकृत कारोबारको गभर्नर डा. चिरंजीबि नेपालले असार ७ गते शुभारम्भ गर्नुभयो ।



# लेखापरीक्षण प्रतिवेदनका सम्बन्धमा समीक्षा बैठक

आन्तरिक लेखापरीक्षण विभागले असार १७ गते लेखापरीक्षण समितिको वार्षिक प्रतिवेदन २०७१/७२ मा उल्लेखित कैफियतहरूका सम्बन्धमा उच्च व्यवस्थापन र विभागीय प्रमुखहरू बीच समीक्षा बैठकको आयोजना गऱ्यो ।

उक्त बैठकमा प्रमुख अतिथि गभर्नर डा. चिरंजीबि नेपालले लेखापरीक्षण प्रतिवेदन नेपाल राष्ट्र बैंकको समग्र कामको प्रतिबिम्ब हो भन्नुहुँदै अब लेखापरीक्षण कार्य Nepal Financial Reporting Standard (NFRS) अनुसार गरिने बताउनु भयो । अन्य बैंक तथा वित्तीय संस्थाहरूको साथसाथै नेपाल राष्ट्र बैंक स्वयं पनि अझ बढी सुशासित हुनको लागि उहाँले ऐन, नियमको पालनामा जोड दिइएको बताउनु भयो । GL Software मा देखिएका समस्याहरू Software Upgrade गरेर तथा आवश्यकतानुसार Module थप गरेर समाधान गरी प्रयोगमा ल्याउन उपयुक्त हुने विचार पनि उहाँले राख्नुभयो ।

सो बैठकमा डेपुटी गभर्नर चिन्तामणि शिवाकोटीले आन्तरिक नियन्त्रण प्रणालीको सुदृढीकरण र संस्थागत सुशासन मार्फत बैंकका चुनौतीहरू सामना गर्न सकिने धारणा व्यक्त गर्नुभयो । समस्याहरूको उठान गर्दा समाधानका उपायहरू समेत सुझाउन अनुरोध गर्दै उहाँले बैंकको कार्यालय भवनहरूको अवस्था र आवश्यकताका सम्बन्धमा प्रकाश पार्नुभयो । डेपुटी गभर्नर शिबराज श्रेष्ठले सेवा प्रवाहलाई प्रभावकारी बनाउन आन्तरिक लेखापरीक्षण विभागको विशेष भूमिका रहने उल्लेख गर्नुभयो । उहाँले System Audit को आवश्यकता देखाउँदै कैफियतहरूलाई समयमै सुधार गर्नका लागि व्यवस्थापन सकारात्मक रहेको जानकारी




दिनुभयो ।

सञ्चालक समिति सदस्य तथा लेखापरीक्षण समितिका संयोजक डा. रामहरि अर्यालले उक्त बैठकमा लेखापरीक्षण प्रतिवेदनमा उल्लेखित कैफियत तथा सुझावहरू मननयोग्य रहेको उल्लेख गर्दै कैफियतहरू दोहोरिन नदिनमा सम्बन्धित विभागीय प्रमुखहरू सजग रहनु पर्ने बताउनु भयो । एकापसमा सम्बन्धित विभागीय कामहरू आपसी समन्वयमा गर्दा कार्य सम्पादन पनि छिटो छरितो हुने र बैंकको संस्थागत साख पनि अभिवृद्धि हुने उहाँको धारणा थियो ।

उक्त बैठकमा आन्तरिक लेखापरीक्षण विभागका का. मु. कार्यकारी निर्देशक महेश्वरलाल श्रेष्ठले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । सो कार्यपत्रका सम्बन्धमा जनशक्ति व्यवस्थापन विभागका कार्यकारी निर्देशक त्रिलोचन पंगेनीले टिप्पणी गर्नु भएको थियो । बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक शिवनाथ पाण्डेले धन्यवाद ज्ञापन गर्नु भएको सो कार्यक्रममा आन्तरिक लेखापरीक्षण विभागका का. मु. निर्देशक बलराम पौडेलले स्वागत मन्तव्य दिनु भएको थियो । कार्यक्रम सञ्चालन आन्तरिक लेखापरीक्षण विभागका सहायक निर्देशक राजेन्द्र रिमालले गर्नु भएको

## पदस्थापन

सहायक निर्देशकहरू विराटनगर कार्यालयका नन्दाकुमारी रिजाल (न्यौपाने) तथा राधिका गुरागाईं र बैंकिङ कार्यालयका तेजबहादुर गिरीको कार्यरत रहेकै कार्यालयमा पदस्थापन भएको छ । मुद्रा व्यवस्थापन विभागका सहायक निर्देशकहरू बाबुराम गिरी, जगन्नाथ सुवेदी र टीकाप्रसाद चौलागाईं तथा सामान्य सेवा विभागका सहायक निर्देशक सिर्जना रेग्मीको बैंकिङ कार्यालयमा पदस्थापन भएको छ ।

# डेपुटी गभर्नर शिवाकोटी नेपालगञ्जका विभिन्न कार्यक्रममा

डेपुटी गभर्नर चिन्तामणि शिवाकोटीले असार ११ गतेदेखि १४ गतेसम्म नेपालगञ्ज क्षेत्रको भ्रमण गर्नुभयो ।

भ्रमणका क्रममा उहाँले नेपालगञ्ज कार्यालय तथा नेपालगञ्ज कार्यालयको भवन निर्माणका लागि खरिद गरिएको कोहलपुरमा रहेको नेपाल राष्ट्र बैंकको जग्गाको अवलोकन गर्नुभयो । त्यसैगरी, उहाँले नेपालगञ्ज कार्यालयका कर्मचारीहरूसँग अन्तरक्रिया गर्नुका साथै, नेपालगञ्ज कार्यालयले आयोजना गरेको कृषि कर्जा: आवश्यकता, सम्भाव्यता र चुनौतीहरू विषयक १ दिने अन्तक्रिया कार्यक्रमको प्रमुख आतिथ्यता पनि ग्रहण गर्नुभयो ।

सो अन्तक्रिया कार्यक्रममा प्रमुख अतिथिका रुपमा मन्तव्य दिँदै डेपुटी गभर्नर शिवाकोटीले कृषि क्षेत्रको विकास र आधुनिकीकरण विना देशको आर्थिक विकास असम्भव रहेको हुँदा त्यसतर्फ जाने कर्जा सेवाग्राहीलाई सहज रुपमा उपलब्ध हुनुपर्ने धारणा राख्नुभयो । बैंक तथा वित्तीय संस्थाहरूले कृषि क्षेत्रलाई दिनुपर्ने महत्वका बारेमा पनि उहाँले प्रकाश पार्नुभयो ।



सो कार्यक्रममा नेपालगञ्ज कार्यालयका निर्देशक भीष्म उप्रेती, उपनिर्देशकहरू शैलेन्द्र रेग्मी, मुकुन्दराज पौडेल, सहायक निर्देशक रमेश मल्ल लगायत गभर्नरको कार्यालयका सहायक निर्देशक प्रेमप्रसाद आचार्यका साथै नेपालगञ्ज क्षेत्रका बैंक तथा वित्तीय संस्थाका प्रमुख, उद्योगी व्यवसायी, प्राध्यापक, सरकारी कार्यालयका प्रमुखहरूको उपस्थिति रहेको थियो ।

# गभर्नर डा. चिरंजीबि नेपाल र एशियाली विकास बैंकको टोलीबीच भेटवार्ता



गभर्नर डा. चिरंजीबि नेपालसँग एशियाली विकास बैंकका कन्ट्री डाइरेक्टर केनिची योकोयामाको नेतृत्वमा आएको दुई सदस्यीय टोलीले असार ८ गते नेपाल राष्ट्र बैंकको केन्द्रीय कार्यालयमा भेटवार्ता गऱ्यो ।

कन्ट्री डाइरेक्टर योकोयामाले एशियाली विकास बैंक नेपालमा मुख्यगरी पूर्वाधार, ऊर्जा, शिक्षा र कृषि क्षेत्रमा सक्रिय रहेको जानकारी दिनुभयो । नेपालमा द्रुतगतिको आर्थिक विकासको लागि सरकारको बजेट खर्च गर्ने क्षमतामा सुधार आउन जरुरी रहेको कुरा औंल्याउँदै कन्ट्री डाइरेक्टर योकोयामाले सरकारले दीर्घकालीन ऋणपत्र जारी गरेर समेत विकास निर्माणलाई निरन्तरता दिन सक्ने कुरा उल्लेख गर्नुभयो । गभर्नर डा. नेपालले सर्वसाधारण एवम् लगानीकर्ताहरूमा चेतनाको कमीको कारण राष्ट्रमा ऋणपत्र बजारको विकास सन्तोषजनक नभएको कुरा उल्लेख गर्दै दीर्घकालीन ऋणपत्रको प्रभावकारीताको लागि ऋणपत्र सम्बन्धी राष्ट्रव्यापी जनचेतना अभिवृद्धि अभियान आवश्यक रहेको जानकारी दिनुभयो । यसैगरी कृषकहरूले जानकारी एवम् सूचनाको अभावको कारण सरकारले राष्ट्र बैंकमार्फत प्रदान गरिरहेको कृषि कर्जाको ब्याजमा पाउने अनुदानबाट फाइदा लिन नसकिरहेको जानकारी गराउँदै उहाँले राष्ट्र बैंक आर्थिक र वित्तीय क्षेत्रका विषयहरूमा एशियाली विकास बैंकसँग हातेमालो गरेर जान सक्ने कुरा बताउनु भयो । गभर्नर डा. नेपाल र कन्ट्री डाइरेक्टर योकोयामाबीच नेपालको समसामयिक आर्थिक गतिविधि बारे पनि छलफल भएको थियो ।

भेटवार्ताको अन्त्यमा गभर्नर डा. नेपालले एशियाली विकास बैंक नेपालको विकासको राम्रो साझेदार भएको र राष्ट्र बैंक एशियाली विकास बैंकसँग सहकार्य गर्न सदैव तयार रहेको जानकारी समेत दिनुभयो ।

# गभर्नर डा. चिरंजीबि नेपाल र नेपालका लागि अन्तर्राष्ट्रिय मुद्रा कोषका Resident Representative बीच भेटवार्ता



गभर्नर डा. चिरंजीबि नेपालसँग असार ८ गते अन्तर्राष्ट्रिय मुद्रा कोषका Senior Resident Representative हरूले भेटवार्ता गर्नुभयो । अन्तर्राष्ट्रिय मुद्रा कोषबाट आएको सो दुई सदस्यीय टोलीमा नेपालका लागि नवनियुक्त Senior Resident Representative Andreas Bauer र कार्यकाल सकेर जान लाग्नु भएका Senior Resident Representative Thomas Richardson हुनुहुन्थ्यो ।

नेपाल, भारत तथा भूटानका लागि कार्यभार सम्हाल्नुभएका Senior Resident Representative Andreas Bauer को स्वागत गर्दै गभर्नर डा. नेपालले संक्षिप्तमा मुलुकको वर्तमान आर्थिक स्थितिको जानकारी गराउनुभयो । अन्तर्राष्ट्रिय मुद्रा कोषका अधिकारीहरूको प्रश्नको जवाफ दिने क्रममा डा. नेपालले निर्माणाधीन मौद्रिक नीतिका लागि मुद्रास्फीति नियन्त्रण एउटा चुनौती भएको तर बैंक मुद्रास्फीति लगायत अन्य आर्थिक तथा वित्तीय स्थायित्वका लक्ष्यहरू हासिल गर्न सदाझैं कटिबद्ध रहेको जानकारी दिनुभयो ।

भेटवार्ताको क्रममा गभर्नर डा. नेपाल र अन्तर्राष्ट्रिय मुद्रा कोषको टोलीबीच तरलता व्यवस्थापन, विप्रेषण आप्रवाह र हाल संशोधनको क्रममा रहेका बैंक तथा वित्तीय संस्था सम्बन्धी (BAFIA) ऐन तथा नेपाल राष्ट्र बैंक ऐनका बारेमा समेत छलफल भयो ।

भेटवार्ताको अन्त्यमा गभर्नर डा. नेपालले कार्यकाल समाप्त गरी फर्किन लाग्नु भएका Senior Resident Representative Thomas Richardson लाई वहाँको सफल कार्यकालको निम्ति बधाई तथा सहकार्यको निम्ति धन्यवाद समेत दिनुभयो । Senior Resident Representative Thomas Richardson ले IMF नेपालसँग दीर्घकालीन सहकार्यमा रहिरहने बताउनुभयो ।

## अवकाश

संस्थागत योजना विभागका निर्देशक वसन्तबहादुर शाक्य, मुद्रा व्यवस्थापन विभागका सहायक निर्देशक राधा गिरी (पण्डित) र नेपालगञ्ज कार्यालयका सहायक निर्देशक (चालक) शिवराज अधिकारीले बैंक सेवाबाट अवकाश पाउनु भएको छ । उहाँहरू सबैजना बैंक सेवामा ५८ वर्षको उमेरसम्म मात्र बहाल रहन पाइने विनियमावलीका कारण अवकाश हुनु भएको हो ।

यसैगरी, बैंकिङ कार्यालयका कार्यालय सहयोगी प्रथम जितगोविन्द महर्जनले पनि ५८ वर्षको उमेर हदका कारण बैंक सेवाबाट अवकाश पाउनु भएको छ ।

# कपिलवस्तुमा विद्यार्थीसँग नेपाल राष्ट्र बैंक कार्यक्रम

गभर्नरको कार्यालयले असार १७ गते कपिलवस्तु जिल्लाको बाणगंगा न. पा., पिपरास्थित जनता उच्च मा. वि. मा विद्यार्थीसँग नेपाल राष्ट्र बैंक कार्यक्रम सम्पन्न गऱ्यो ।




गभर्नरको कार्यालयले सिद्धार्थनगर कार्यालयको संयोजनमा आयोजना गरेको उक्त कार्यक्रममा प्रमुख अतिथि गभर्नरको कार्यालयका कार्यकारी निर्देशक हरिप्रसाद काफ्लेले विद्यार्थीहरूलाई नेपालको बैंकिङ इतिहास तथा बैंकहरूले गर्ने मुख्य काम कारबाहीहरूको बारेमा जानकारी दिनुभयो र विद्यार्थीहरूलाई कार्यक्रमबाट सिकेका कुराहरू व्यवहारमा लागु गर्न प्रोत्साहित गर्नुभयो ।

सो कार्यक्रममा सिद्धार्थनगर कार्यालयका निर्देशक रेवतीप्रसाद नेपालले वित्तीय ज्ञानमूलक सामग्री प्रस्तुत गर्नुभयो । उहाँले सो प्रस्तुति मार्फत राष्ट्रको वित्तीय प्रणाली, बचत, ऋण, बिमा, विप्रेषण लगायतका विषयहरूमा विद्यार्थीहरूलाई ज्ञान प्रदान गर्नभयो । साथै, सहभागीहरूको जिज्ञासालाई सम्बोधन गर्दै उहाँले बचतको महत्व, बचत गर्ने तरिका, सफा नोटको प्रचलन तथा औपचारिक बैंकिङ संजाल प्रयोग गर्ने बानीको बारेमा पनि जानकारी दिनुभयो ।

उक्त कार्यक्रममा गभर्नरको कार्यालयका सहायक निर्देशक सुरेश पन्तले स्वागत मन्तव्य दिनु भएको थियो । कार्यक्रको उद्देश्य बारे प्रकाश पार्दै उहाँले विद्यार्थीले पाएको ज्ञानबाट उसको घरका सम्पूर्ण सदस्यहरू लाभान्वित हुन सक्ने भएकोले विद्यार्थीलाई लक्षित गरी स्कुलमा विद्यार्थीसँग नेपाल राष्ट्र बैंक कार्यक्रम आयोजना गरिएको उल्लेख गर्नु भएको थियो ।

सो कार्यक्रमको सञ्चालन सिद्धार्थनगर कार्यालयका सहायक शंकरप्रसाद भट्टराईले गर्नु भएको थियो । कार्यक्रममा बाल मा. वि., बैरियाका शिक्षक तथा विद्यार्थीहरू लगायत स्थानीय विभिन्न बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिहरूको समेत सहभागिता रहेको थियो । कार्यक्रममा विद्यार्थीहरूलाई बैंकिङ ज्ञान सम्बन्धी प्रकाशनहरू- विद्यार्थीसँग नेपाल राष्ट्र बैंक, पैसाको बोट र NRB Then Now and Ahead आदि वितरण गरिएको थियो ।

# निर्देशक थापाबाट लघुवित्त संस्थाको उद्घाटन

धनगढी कार्यालयका निर्देशक विश्रुत थापाको प्रमुख आतिथ्यतामा कञ्चनपुरको बेलौरीमा रहेको घोडीघोडा लघुवित्त वित्तीय संस्थाको नवनिर्मित कार्यालयको उद्घाटन असार ३ गते सम्पन्न भयो ।



सो कार्यक्रममा प्रमुख अतिथिको तर्फबाट मन्तव्य राख्दै निर्देशक थापाले संस्थाको दीर्घकालीन हित र सफलताको लागि आन्तरिक सु-शासन अपरिहार्य हुने र आपसी मनमुटाव नराखीकन काम गरेमा मात्र संस्था स्थापनाको उद्देश्य हासिल गर्न सकिने धारणा राख्नुभयो । गभर्नरको कार्यालयका सहायक निर्देशक प्रेमप्रसाद आचार्यले नेपाल राष्ट्र बैंकले समय समयमा जारी गर्ने नीति निर्देशनहरूको परिपालना हुनुपर्ने र संस्था सञ्चालनको दौरानमा आइपर्ने समस्याहरूलाई नीति नियमहरूको परिधिभित्र रही समाधान गर्नुपर्ने विचार राख्नुभयो ।

सो कार्यक्रममा उक्त संस्थाका कार्यकारी प्रमुख, अध्यक्ष लगायत अन्य सञ्चालक एवम् कर्मचारीहरू, स्थानीय बुद्धिजीवी, सभासद, सञ्चारकर्मी तथा सर्वसाधारणको उल्लेख्य उपस्थिति रहेको थियो ।

# उत्कृष्ट विद्यार्थी सम्मानित

नेपाल वित्तीय संस्था कर्मचारी संघ नेपाल राष्ट्र बैंक विराटनगर समितिले विगतमाझैं यस वर्ष पनि उत्कृष्ट विद्यार्थी सम्मान कार्यक्रम आयोजना गऱ्यो । नेपाल राष्ट्र बैंक विराटनगर कार्यालयका का.मु. निर्देशक तुलसीप्रसाद घिमिरेको प्रमुख आतिथ्यमा असार १४ गते सम्पन्न उक्त कार्यक्रममा २०७२ सालको प्रवेशिका परीक्षामा नेपाल राष्ट्र बैंक विराटनगरमा कार्यरत कर्मचारीहरूका सन्ततिहरू मध्ये सबैभन्दा उत्कृष्ट अंक प्राप्त गर्ने सहायक निर्देशक रजनी श्रेष्ठकी सुपुत्री रीया श्रेष्ठलाई प्रशंसा पत्र तथा नगद पुरस्कार सहित सम्मान गरिएको थियो ।



कार्यक्रममा बोल्दै का.मु. निर्देशक घिमिरेले उत्कृष्ट विद्यार्थी सम्मान कार्यक्रम जस्ता रचनात्मक कार्यक्रमलाई आगामी वर्षहरूमा पनि निरन्तरता दिनुपर्नेमा जोड दिनुभयो । यस्ता कार्यक्रमले विद्यार्थीहरूलाई हौसला तथा प्रेरणा प्रदान गर्ने कुरा पनि उहाँले बताउनु भयो । कार्यक्रमका सभापति संघका विराटनगर समिति उपाध्यक्ष नवदिप साहले यस्तो कार्यक्रमले कर्मचारी संगठनको सामाजिक दायित्व बहन गर्नुका साथै कर्मचारीसँगको सम्बन्ध मात्र नभई घरपरिवारसँगको सम्बन्ध पनि सुमधुर बनाएको विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा संघका सदस्य राधिका गुरागाईंले स्वागत मन्तव्य दिनुभएको थियो भने सचिव अनिष गुरागाईंले कार्यक्रम संचालन गर्नुभएको थियो ।

# भानु जयन्तीका अवसरमा काव्यसभा

२०३ औं भानुजयन्तीको अवसरमा असार २९ गते नेपाल राष्ट्र बैंकमा काव्यसभा आयोजना गरियो ।

सो काव्यसभामा मन्तव्य राख्दै गभर्नरको कार्यालयका कार्यकारी निर्देशक हरिप्रसाद काफ्लेले आदिकवि भानुभक्त आचार्यले रामायण लगायतका कृतिहरू मार्फत नेपाली भाषालाई साझा भाषाका रुपमा विकास गर्नमा विशेष योगदान दिएको चर्चा गर्नुभयो । तत्कालीन समाजका विकृतिहरूलाई औंल्याउँदै सुधारका लागि आह्वान गर्ने कविका रुपमा पनि उहाँले भानुभक्तलाई चित्रित गर्नुभयो । अनुसन्धान विभागका कार्यकारी निर्देशक नरबहादुर थापाले व्यक्तिगत सम्पत्तिको उपयोग समाजका लागि भएमा नै सार्थक सम्पत्ति हुने र उद्यम नगर्ने मान्छे ज्यूँदै मर्ने सन्देश भानुभक्तले दिएको उल्लेख गर्नुभयो ।

बैंकको बालुवाटार कार्यालयका आयोजित सो काव्यसभामा भानुभक्तलाई स्मरण गर्दै कविता वाचन गरिएको थियो । अतिथि कवि



ठाकुर शर्मा र रीता खत्री तथा नेपाल राष्ट्र बैंकका कविहरू केदारप्रसाद आचार्य, डा. महेश चौलागाईं, राजनविक्रम थापा, भानुभक्त भट्टराई, डा. गोपालप्रसाद भट्ट, राजनकृष्ण पन्त, सुरेश पन्त, जयन्ती चापागाईं, भागवत आचार्य, डा. वामदेव सिग्देल, बबिता ढुङ्गाना लगायतले कविता वाचन गर्नुभएको थियो ।

उक्त कार्यक्रममा गभर्नरको कार्यालयका उपनिर्देशक तथा मिमिरे पत्रिकाका सम्पादक विभुप्रसाद अर्यालले भानुभक्तमा समाजबोध उच्च रहेको धारणा व्यक्त गर्दै कविता सन्देश संप्रेषणको महत्वपूर्ण माध्यम रहेको विचार व्यक्त गर्नु भएको थियो । सहायक निर्देशक भागवत आचार्यले भानुभक्तका रचनाका विविध पक्षहरू बारे प्रकाश पार्नु भएको थियो ।

# बडिखेलमा विद्यार्थीसँग नेपाल राष्ट्र बैंक कार्यक्रम

गभर्नरको कार्यालयले असार १७ गते ललितपुर जिल्लाको गोदावरी न. पा., बडिखेलस्थित पथ प्रदर्शक मा. वि. मा विद्यार्थीसँग नेपाल राष्ट्र बैंक कार्यक्रम सम्पन्न गऱ्यो ।

गभर्नरको कार्यालयले Foundation for Rural Urban Nepal (FoR-Nepal) सँग समन्वय गरी आयोजना गरेको उक्त कार्यक्रममा प्रमुख अतिथि गभर्नरको कार्यालयका निर्देशक डा. प्रकाशकुमार श्रेष्ठले विद्यार्थीहरूलाई दृष्य प्रस्तुति मार्फत सानै उमेरदेखि बचत गर्नुको महत्व एवम् बचत गर्ने तरिका, ऋण, बिमा र विप्रेषणका सही सूत्रहरू, नोटलाई सफा राख्नुको महत्व र तरिका तथा औपचारिक बैंकिङ संजाल प्रयोग गर्ने बानीको महत्वका बारेमा ज्ञान प्रदान गर्नभयो । नेपालको वित्तीय प्रणालीका सम्बन्धमा गरिएको सो अन्तरक्रियात्मक प्रस्तुतिमा उहाँले विद्यार्थीहरूलाई कार्यक्रमबाट जति सक्दो धेरै कुरा सिक्न प्रोत्साहन समेत



गर्नुभयो ।

उक्त कार्यक्रममा गभर्नरको कार्यालयका उपनिर्देशक विभुप्रसाद अर्यालले कार्यक्रम बारे संक्षिप्त जानकारी दिँदै कार्यक्रमको महत्व र उद्देश्य बारे प्रकाश पार्नु भयो । वित्तीय ज्ञान भएमा मात्र बैंक तथा वित्तीय संस्थाहरूसँग कारोबार गर्न सहज हुने भएकोले सानै उमेरदेखि नै विद्यार्थीले यस सम्बन्धी ज्ञान पाउन् भन्ने ध्येयले स्कुलहरूमा विद्यार्थीसँग नेपाल राष्ट्र बैंक कार्यक्रम आयोजना गरिँदै आएको जानकारी उहाँले दिनुभयो ।

कार्यक्रममा गभर्नरको कार्यालयका सहायक निर्देशक सार्थक कार्की, FoR-Nepal का अध्यक्ष सुप्रिया शाक्य, उपाध्यक्ष शशिन श्रेष्ठ तथा पदाधिकारीहरू, विद्यालयलयका प्रधानाध्यापक अञ्जन पौडेल तथा शिक्षकहरू लगायत विद्यार्थीहरूको उल्लेख्य उपस्थिति रहेको थियो । कार्यक्रमको अन्त्यमा विद्यार्थीहरूको वित्तीय ज्ञान अभिवृद्धि हुने अपेक्षाका साथ बैंकिङ जानकारीमूलक प्रकाशनहरू- विद्यार्थीसँग नेपाल राष्ट्र बैंक, पैसाको बोट र NRB Then Now and Ahead आदि वितरण गरिएको थियो ।

# सहायक निर्देशकहरूको सरुवा

सहायक निर्देशकहरू सामान्य सेवा विभागका बिमुल मानन्धर तथा सुनिल भण्डारी, जनकपुर कार्यालयका रामविलास महतो, सचिन पिया तथा सुशीलकुमार दास, जनशक्ति व्यवस्थापन विभागका निरज अधिकारी, बैंकिङ कार्यालयका धनञ्जय पराजुली, सिद्धार्थनगर कार्यालयका बृहत श्रेष्ठ र नेपालगञ्ज कार्यालयका समिर श्रेष्ठको बैंक सुपरिवेक्षण विभागमा सरुवा भएको छ।

सहायक निर्देशकहरू विदेशी विनिमय व्यवस्थापन विभागका सुधा श्रेष्ठ, पोखरा कार्यालयका शिवहरिसिं बस्नेत, विकास बैंक सुपरिवेक्षण विभागका ईश्वरकुमार कटुवाल, समस्याग्रस्त संस्था रिजोलुसन महाशाखाका राजेशप्रसाद शर्मा, पोखरा कार्यालयका भीमप्रसाद गौतम र लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका धनबहादुर श्रेष्ठको जनशक्ति व्यवस्थापन विभागमा सरुवा भएको छ।

सहायक निर्देशकहरू नेपालगञ्ज कार्यालयका बिन्ती श्रेष्ठ (प्रसाई) तथा अनुसन्धान विभागका मेघनाथ तिमल्सिनाको संस्थागत योजना विभागमा, अनुसन्धान विभागका प्रकाश राई तथा दिपक पोखरेलको भुक्तानी प्रणाली विभागमा र बैंक सुपरिवेक्षण विभागका राजेन्द्रकुमार श्रेष्ठ तथा विवेक कोइरालाको समस्याग्रस्त संस्था रिजोलुसन महाशाखामा सरुवा भएको छ।

सहायक निर्देशकहरू राष्ट्र ऋण व्यवस्थापन विभागका हीरादेवी विष्ट, समस्याग्रस्त संस्था रिजोलुसन महाशाखाका टेकराज भण्डारी, वित्त कम्पनी सुपरिवेक्षण विभागका रामचन्द्र भट्टराई, श्यामप्रसाद ढकाल, रविप्रकाश मजगैयाँ तथा पूर्णबहादुर शाह, जनशक्ति व्यवस्थापन विभागका राजेशकुमार उदास, बैंकिङ कार्यालयका बद्रीनारायण थापा र वीरगञ्ज कार्यालयका विष्णुप्रसाद सुवेदीको विकास बैंक सुपरिवेक्षण विभागमा सरुवा भएको छ।

सहायक निर्देशकहरू बैंकिङ कार्यालयका कृष्णप्रसाद उप्रेती, बैंक सुपरिवेक्षण विभागका अमृतबहादुर बुढाथोकी, विदेशी विनिमय व्यवस्थापन विभागका राजनप्रसाद अधिकारी तथा सामान्य सेवा विभागका भुवनराज त्रिपाठीको आन्तरिक लेखापरीक्षण विभागमा र मुद्रा व्यवस्थापन विभागका पुरुषोत्तम दाहालको बैंकर्स प्रशिक्षण केन्द्रमा सरुवा भएको छ।

सहायक निर्देशकहरू आन्तरिक लेखापरीक्षण विभागका दिपक पौडेल तथा यज्ञ पाण्डे, जनकपुर कार्यालयका सियाराम चौधरी, वीरगञ्ज कार्यालयका छविलाल शर्मा पौडेल, संस्थागत योजना विभागका बबिता ढुंगाना, वित्त व्यवस्थापन विभागका अम्बिका नेपाल, कानुन महाशाखाका विनयदेव अधिकारी, विराटनगर कार्यालयका रजनी श्रेष्ठ र बैंकिङ कार्यालयका कृष्णबहादुर कुँवरको लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागमा सरुवा भएको छ।

सहायक निर्देशकहरू जनशक्ति व्यवस्थापन विभागका पञ्चलक्ष्मी मानन्धर, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका उमा जोशी बोहरा, सामान्य सेवा विभागका आदर्शकुमार भट्टराई, वित्त कम्पनी सुपरिवेक्षण विभागका हरिश्चन्द्र ढकाल, बैंकिङ कार्यालयका सुजन खनाल तथा सुशील ज्ञवाली, मुद्रा व्यवस्थापन विभागका रविन्द्रप्रसाद सापकोटा र वित्त व्यवस्थापन विभागका कृष्णबहादुर श्रेष्ठको बैंक तथा वित्तीय संस्था नियमन विभागमा सरुवा भएको छ।

सहायक निर्देशकहरू जनशक्ति व्यवस्थापन विभागका लुमाकान्त भट्टराई, अनुसन्धान विभागका भागवत आचार्य, बैंक सुपरिवेक्षण विभागका वशिष्ठ अधिकारी तथा विदेशी विनिमय व्यवस्थापन विभागका टीकाराम खतिवडाको वीरगञ्ज कार्यालयमा, नेपालगञ्ज कार्यालयका अशोक रिमालको समान्य सेवा विभागमा र लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका गेदा पंगेनीको सिद्धार्थनगर कार्यालयमा सरुवा भएको छ।

सहायक निर्देशकहरू विदेशी विनिमय व्यवस्थापन विभागका कुमार कार्की, अनुसन्धान विभागका मीना कुँवर कालीकोटे, बैंक तथा वित्तीय संस्था नियमन विभागका डिल्लीराम पोखरेल, वित्त व्यवस्थापन विभाग (कामकाज) का अशोककुमार राई, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका दीर्घबहादुर थापा तथा लेखनाथ दाहाल, बैंकिङ कार्यालयका बालकुमार थापा र अनुसन्धान विभागका पाल्साङ लामा थिङको वित्त व्यवस्थापन विभागमा सरुवा भएको छ।

सहायक निर्देशकहरू वीरगञ्ज कार्यालयका हिमांसुरत्न बज्राचार्य, विदेशी विनिमय व्यवस्थापन विभागका हरिगोविन्द महर्जन, वित्तीय जानकारी एकाइका हिरण्य निरौला तथा बैंकिङ कार्यालयका नन्दुदेवी तिवारीको राष्ट्र ऋण व्यवस्थापन विभागमा र बैंकिङ कार्यालयका मोहनध्वज खड्काको टक्सार महाशाखामा सरुवा भएको छ।

सहायक निर्देशकहरू बैंक सुपरिवेक्षण विभागका दिलिपकुमार विश्वकर्मा, धनगढी कार्यालयका लोकेन्द्र कडायत, राष्ट्र ऋण व्यवस्थापन विभागका राजभाइ शाक्य, अशोककुमार अर्याल तथा रामशरण सिंह, वीरगञ्ज कार्यालयका सगरचन्द्र गौतम, आन्तरिक लेखापरीक्षण विभागका दिलिपकुमार कोर्मोचा, विराटनगर कार्यालयका कल्पनादेवी पौडेल तथा केदारनाथ पौडेल, मुद्रा व्यवस्थापन विभागका मोहनध्वज खड्का, रवि भण्डारी, मदनकुमार श्रेष्ठ, महेन्द्रराज कार्की र सम्राट रुपाखेतीको बैंकिङ कार्यालयमा सरुवा भएको छ।

सहायक निर्देशकहरू विकास बैंक सुपरिवेक्षण विभागका अरुण आचार्य, वीरगञ्ज कार्यालयका शिवप्रसाद घिमिरे, आन्तरिक लेखापरीक्षण विभागका ढुण्डीराज मिश्र, विराटनगर कार्यालयका ध्रुव पोखरेल, बैंकिङ कार्यालयका सृजना बज्राचार्य तथा शारदा कार्की र वित्त व्यवस्थापन विभागका ईश्वरी लुइँटेलको विदेशी विनिमय व्यवस्थापन विभागमा सरुवा भएको छ।

सहायक निर्देशकहरू जनशक्ति व्यवस्थापन विभागका दीपेन्द्रप्रसाद पोखरेल तथा लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका सुबोधमान श्रेष्ठको विराटनगर कार्यालयमा,

बैंक सुपरिवेक्षण विभागका सुशील बिजुक्छे तथा राष्ट्र ऋण व्यवस्थापन विभागका लवली श्रीवास्तवको नेपालगञ्ज कार्यालयमा र विकास बैंक सुपरिवेक्षण विभागका रामकाजी खाइजू, वित्त व्यवस्थापन विभागका कृष्णशरण फुयाँल तथा अनुसन्धान विभागका बद्रीनाथ नेपालको जनकपुर कार्यालयमा सरुवा भएको छ ।

सहायक निर्देशकहरू बैंक तथा वित्तीय संस्था नियमन विभागका केशवप्रसाद रिमाल, बैंक सुपरिवेक्षण विभागका रचना पराजुली, वित्त व्यवस्थापन विभागका कमलप्रसाद कालाथोकी तथा संस्थागत योजना विभागका रामेश्वर पोखरेलको वित्तीय जानकारी एकाइमा र बैंक तथा वित्तीय संस्था नियमन विभागका माधवप्रसाद अधिकारी तथा बैंक सुपरिवेक्षण विभागका रामकुमार कार्कीको पोखरा कार्यालयमा सरुवा भएको छ ।

सहायक निर्देशकहरू विदेशी विनिमय व्यवस्थापन विभागका वसन्तप्रसाद दवाडी, विकास बैंक सुपरिवेक्षण विभागका खगराज सापकोटा, मनोज गुरुङ तथा विश्वनाथ न्यौपानेको वित्त कम्पनी सुपरिवेक्षण विभागमा र वित्तीय जानकारी एकाइका रामशरण पोखरेल तथा सुमन आचार्यको कानुन महाशाखामा सरुवा भएको छ ।

सहायक निर्देशकहरू बैंकिङ कार्यालयका सवना वैद्य, उमेश अधिकारी, गंगालाल श्रेष्ठ, माधवप्रसाद बराल, निर्मला श्रेष्ठ तथा केशु थापा र वीरगञ्ज कार्यालयका अनिलकुमार खनाल तथा मणिराज श्रेष्ठको मुद्रा व्यवस्थापन विभागमा सरुवा भएको छ ।

सहायक निर्देशकहरू संस्थागत योजना विभागका जयन्ती चापागाईं (पौडेल), विकास बैंक सुपरिवेक्षण विभागका बाबुराम कोइराला, वित्त व्यवस्थापन विभागका शिवभक्त पोखरेल, राष्ट्र ऋण व्यवस्थापन विभागका मीनप्रसाद पोखरेल, वीरगञ्ज कार्यालयका रमेश पराजुली तथा बिपिनकुमार महतो, जनकपुर कार्यालयका सौनभ श्रेष्ठ र धनगढी कार्यालयका भरत ओडको अनुसन्धान विभागमा सरुवा भएको छ ।

# आर्थिक वर्ष २०७३/७४ को मौद्रिक नीति

## (सारांश)

### पृष्ठभूमि

१. आर्थिक वर्ष २०७२/७३ मा मुलुकको समष्टिगत आर्थिक स्थायित्वका प्रमुख सूचकहरू नियन्त्रणभित्र रहेतापनि समग्र आर्थिक गतिविधि अनुकूल रहन सकेन । सीमा नाका अवरोध र आपूर्ति व्यवस्थामा आएको असहजताका कारण पुँजीगत खर्च एवम् निजी क्षेत्रको आर्थिक गतिविधि संकुचित हुनुका साथै मौसम प्रतिकूल रहेकोले कृषि क्षेत्र समेत अपेक्षित रुपमा विस्तार हुन सकेन । फलस्वरुप, आर्थिक वर्ष २०७२/७३ मा मुलुकको समग्र आर्थिक वृद्धिदर न्यून रहने देखिएको छ ।

२. विश्व बजारमा पेट्रोलियम पदार्थ एवम् धातुजन्य वस्तुको मूल्यमा आएको गिरावट तथा छिमेकी मुलुकहरूमा रहेको न्यून मूल्यवृद्धिको लाभ सीमा नाका अवरोध लगायतका कारण नेपालले लिन सकेन । परिणामस्वरुप, मुद्रास्फीति लक्षित स्तरभन्दा केही माथि रहन गयो ।

३. अपेक्षित रुपमा कर्जाको माग बढ्न नसक्दा समीक्षा वर्षको सुरुदेखि नै बैंकिङ क्षेत्रमा अधिक तरलताको स्थिति रह्यो । तथापि, खुलाबजार कारोबारलाई थप क्रियाशील बनाइएकोले पछिल्लो समयमा अधिक तरलता व्यवस्थापन हुँदै गएको छ ।

४. छिमेकी मुलुक भारत तथा चीनको आर्थिक वृद्धिको अवस्था, विश्वको न्यून आर्थिक वृद्धि, उदीयमान मुलुकहरूको वित्तीय स्थिति, मध्यपूर्व एवम् अफ्रिकाबाट सृजित युरोपको आप्रवासी समस्या तथा बेलायतको जनमत संग्रहले युरोपेली युनियनबाट अलग हुन गरेको निर्णय लगायतको अन्तर्राष्ट्रिय पृष्ठभूमि तथा सरकारी वित्त नीति, भूकम्प पछिको पुनर्निर्माण र विप्रेषण आप्रवाहको घट्दो वृद्धिदर जस्ता आन्तरिक परिदृश्यलाई दृष्टिगत गरी आर्थिक वर्ष २०७३/७४ को मौद्रिक नीति तर्जुमा गरिएको छ ।

### अन्तर्राष्ट्रिय आर्थिक परिदृश्य

५. अन्तर्राष्ट्रिय मुद्रा कोषले विश्व अर्थतन्त्रको वृद्धिदर सन् २०१६ मा ३.२ प्रतिशत र सन् २०१७ मा ३.५ प्रतिशत रहने अनुमान गरेको छ । सन् २०१६ मा विकसित मुलुकहरूको अर्थतन्त्र १.९ प्रतिशतले र विकासशील तथा उदीयमान मुलुकहरूको अर्थतन्त्र ४.१ प्रतिशतले वृद्धि हुने कोषको प्रक्षेपण छ । त्यसैगरी, सन् २०१६ मा भारत तथा चीनको आर्थिक वृद्धिदर क्रमशः ७.५ प्रतिशत र ६.५ प्रतिशत रहने कोषले जनाएको छ ।

६. सन् २००८ को वित्तीय संकटपश्चात् विकसित मुलुकका केन्द्रीय बैंकहरूले अवलम्बन गर्दै आएको मौद्रिक नीतिको गैर-परम्परावादी अडानमा केही परिवर्तन देखिएको छ । अमेरिकी फेडेरल रिजर्भले सन् २०१५ डिसेम्बरमा फेडेरल फण्ड रेटको टार्गेट रेन्जलाई ०.२५ प्रतिशत विन्दुले वृद्धि गरी मौद्रिक नीतिलाई सामान्यीकरण गर्दै लैजाने सङ्केत गरेको छ भने जापान तथा स्वीट्जरल्याण्ड जस्ता मुलुकहरूले ऋणात्मक ब्याजदर नीति अवलम्बन गरेका छन् ।

### आर्थिक स्थितिको समीक्षा

७. आर्थिक वर्ष २०७२/७३ मा कुल गार्हस्थ्य उत्पादन वृद्धिदर लक्षित ६ प्रतिशतभन्दा अत्यन्त न्यून ०.६ प्रतिशत (उत्पादकको मूल्यमा) रहने अनुमान छ । जसमध्ये कृषि क्षेत्रको वृद्धिदर १.३ प्रतिशत र गैर-कृषि क्षेत्रको वृद्धिदर ०.६ प्रतिशत रहने अनुमान छ । आर्थिक वर्ष २०७१/७२ मा कुल गार्हस्थ्य उत्पादन वृद्धिदर २.७ प्रतिशत रहेको थियो ।

८. आर्थिक वर्ष २०७२/७३ मा वार्षिक औसत मुद्रास्फीति दर ८.५ प्रतिशत रहने प्रक्षेपण थियो । सीमा नाका सृजित आपूर्ति व्यवधानका कारण चालु आर्थिक वर्षको एघार महिनामा औसत उपभोक्ता मुद्रास्फीति दर ९.९ प्रतिशत रहेको छ । अघिल्लो वर्ष यस्तो मुद्रास्फीति दर ७.२ प्रतिशत रहेको थियो ।

९. आर्थिक वर्ष २०७२/७३ मा पुँजीगत खर्च रु. २०९ अर्ब र चालु खर्च रु. ४८४ अर्ब रहने अनुमान गरिएकोमा २०७३ असार २४ गतेसम्म पुँजीगत खर्च ३३.२ प्रतिशत र चालू खर्च ६५.१ प्रतिशत भएको छ । २०७३ असार २४ गतेसम्म सरकारको राजस्व संकलन रु. ४३४ अर्ब २७ करोड अर्थात्

क्रमशः ९ पेजमा

लक्ष्य रु. ४७५ अर्बको ९१.४ प्रतिशत पुगेको छ।

१०. आर्थिक वर्ष २०७२/७३ मा रु. ८७ अर्ब ७७ करोड आन्तरिक ऋण परिचालन भएको छ भने रु. ५० अर्ब ४० करोड आन्तरिक ऋण भुक्तानीको व्यवस्था छ। आर्थिक वर्ष २०७२/७३ को आखिरिसम्म सरकारको कुल तिर्न बाँकी आन्तरिक ऋण रु. २३४ अर्ब १५ करोड रहने देखिन्छ।

११. आर्थिक वर्ष २०७२/७३ को एघार महिनासम्ममा रु. १७१ अर्ब १५ करोड शोधनान्तर बचत तथा रु. १०२१ अर्ब ७४ करोड विदेशी विनिमय संचिति कायम रहेको छ। हाल बैकिङ क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति करिब १६.८ महिनाको वस्तु आयात र करिब १४.३ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त छ।

१२. २०७२ असार मसान्तको तुलनामा २०७३ असार २९ गते नेपाली रुपैयाँ अमेरिकी डलरसँग ५.६ प्रतिशतले अवमूल्यन भएको छ।

## मौद्रिक तथा वित्तीय स्थितिको समीक्षा

### मौद्रिक स्थिति

१३. आर्थिक वर्ष २०७२/७३ को मौद्रिक नीतिले विस्तृत मुद्राप्रदायको वार्षिक वृद्धिदर १८ प्रतिशत हुने प्रक्षेपण गरेको थियो। २०७३ जेठ महिनामा विस्तृत मुद्राप्रदायको वार्षिक विन्दुगत वृद्धिदर १९ प्रतिशत रहेको छ।

१४. चालु आर्थिक वर्षमा मौद्रिक क्षेत्रबाट प्रवाहित हुने कुल आन्तरिक कर्जा २३.४ प्रतिशतले वृद्धि हुने प्रक्षेपण रहेको थियो। वार्षिक विन्दुगत आधारमा २०७३ जेठ मसान्तमा यस्तो कर्जाको वृद्धिदर १४.४ प्रतिशत रहेको छ।

१५. निजी क्षेत्रतर्फ प्रवाह हुने कर्जाको वृद्धिदर २० प्रतिशत प्रक्षेपण गरिएकोमा २०७३ जेठमा सो कर्जाको वार्षिक विन्दुगत वृद्धिदर २०.३ प्रतिशत रहेको छ। वार्षिक विन्दुगत आधारमा २०७३ जेठमा बैंक तथा वित्तीय संस्थाहरूको निक्षेप १८.५ प्रतिशतले बढेको छ।

### तरलता व्यवस्थापन तथा ब्याजदर

१६. २०७२ साउनदेखि २०७३ असार २९ गतेसम्ममा विभिन्न खुला बजार कारोबार उपकरणहरूमार्फत् यस बैंकले रु. ५८८ अर्ब ५९ करोड तरलता प्रशोचन गरेको छ।

१७. २०७२ साउनदेखि २०७३ असार २४ गतेसम्ममा यस बैंकले विदेशी विनिमय बजारबाट अमेरिकी डलर ४ अर्ब २६ करोड खुद खरिद गरी रु. ४५० अर्ब ५४ करोड बराबरको खुद तरलता प्रवाह गरेको छ। सोही अवधिमा अमेरिकी डलर ३ अर्ब ४० करोड र युरो १३ करोड ५० लाख बिक्री गरी रु. ३७६ अर्ब ३ करोड बराबरको भा.रु. खरिद गरिएको छ।

१८. आर्थिक वर्ष २०७२/७३ को एघार महिनामा वाणिज्य बैंकहरूले रु. ८६२ अर्ब १७ करोड र अन्य वित्तीय संस्थाहरूले रु. ९४ अर्ब ७९ करोडको अन्तर-बैंक कारोबार गरेका छन्।

१९. २०७३ जेठ मसान्तमा ९१ दिने ट्रेजरी बिलको भारित औसत ब्याजदर ०.१२ प्रतिशत र वाणिज्य बैकहरूको भारित औसत अन्तर बैंक ब्याजदर ०.३६ प्रतिशत पुगेको छ। नेपाल राष्ट्र बैंक ऋणपत्रको अङ्कित ब्याजदर ०.९८ प्रतिशत रहेको छ। त्यसैगरी, २०७३ जेठमा वाणिज्य बैंकहरूको औसत ब्याजदर अन्तर ५.०४ प्रतिशत र औसत आधार ब्याजदर ६.२७ प्रतिशत रहेको छ।

२०. नेपालको सेयर बजार परिसूचक- नेप्से सूचकाङ्क २०७२ असार मसान्तको ९६१.२ विन्दुबाट २०७३ असार २९ गते १,६९०.४ विन्दुमा पुगेको छ।

### वित्तीय राहत तथा सहुलियत

२१. भूकम्प तथा सीमा नाका अवरोध पछिको अवस्थामा बैंक तथा वित्तीय संस्थाबाट हुने कर्जा प्रवाह नरोकियोस् र आर्थिक गतिविधि चलायमान होस् भन्ने उद्देश्यले यस बैंकले विविध नियामकीय छुट दिएको थियो। यस अन्तर्गत भूकम्प पीडितहरूलाई २ प्रतिशतको ब्याजदरमा कर्जा उपलब्ध गराउनको लागि शून्य प्रतिशत ब्याजदरमा पुनरकर्जा सुविधा दिने, कर्जा नोक्सानी व्यवस्थालाई सहज बनाउने, एक वर्षसम्मको अवधि थप गरी कर्जा पुनर्संरचना वा पुनर्तालिकीकरण गर्न सक्ने, ब्याज-आम्दानी लेखाङ्कन गर्ने समयावधि थप गर्ने, उद्योग, व्यापार, शिक्षा, स्वास्थ्य, पर्यटन र उर्जा लगायतका निर्माणाधीन परियोजनामा कर्जा भुक्तानी ग्रेस अवधि एक वर्ष थप गर्ने तथा आयात कर्जाको समयावधि १२० दिनबाट बढाई १८० दिन पुऱ्याउने लगायतका विषयहरू समावेश गरिएका थिए।

२२. भूकम्प र सीमा नाका अवरोधका कारण अर्थतन्त्रमा परेको असरलाई न्यूनीकरण गर्दै आर्थिक गतिशिलता बढाउन नेपाल सरकार मन्त्रीपरिषदबाट स्वीकृत भएको "आर्थिक पुनरुद्धार कोष (स्थापना र सञ्चालन) कार्यविधि, २०७२" अनुरुप ब्याज अनुदान तथा पुनरकर्जा सुविधाको व्यवस्था कार्यान्वयनमा ल्याइएको छ।

### वित्तीय कार्यक्रमहरूको कार्यान्वयन स्थिति

२३. निक्षेप परिचालन, वित्तीय प्रगाढता, पहुँच, सचेतना लगायतका वित्तीय सूचकहरू सुधारोन्मुख रहेका छन्। वित्तीय क्षेत्रको स्थायित्व एवम् सुदृढीकरणका लागि अगाडि बढाइएको कानूनी सुधार, बैंक तथा वित्तीय संस्थाहरूको पुँजी वृद्धि एवम् बासेल-३ जस्ता नियमनकारी व्यवस्थाहरू कार्यान्वयनको क्रममा रहेका छन्।

२४. २०७३ जेठ मसान्तमा वाणिज्य बैंकहरूको शाखा संख्या १८५१, विकास बैंकहरूको ८४८, वित्त कम्पनीहरूको १९० र लघुवित्त संस्थाहरूको १३३० गरी कुल शाखा संख्या ४२१९ पुगेको छ।

२५. तोकिएका कृषि व्यवसायको लागि बैंक तथा वित्तीय संस्थाहरूबाट ६ प्रतिशतको सहुलियत ब्याजदरमा कर्जा उपलब्ध गराउन भएको व्यवस्था अर्न्तगत २०७२ चैत मसान्तसम्ममा २३४२ जना किसानहरूलाई रु. १ अर्ब ९९ करोड कर्जा प्रवाह भएको छ।

२६. तोकिएका उत्पादनमूलक क्षेत्रहरू कृषि, ऊर्जा, पर्यटन क्षेत्र र घरेलु तथा साना उद्योगमा प्रवाहित कर्जा कुल कर्जाको न्यूनतम २० प्रतिशत पुऱ्याउनु पर्ने व्यवस्था अर्न्तगत वाणिज्य बैंकहरूले २०७३ जेठ मसान्तसम्ममा १६.८ प्रतिशत कर्जा लगानी गरेका छन्।

२७. २०७३ जेठ मसान्तसम्ममा रु. ६ अर्ब २२ करोडको साधारण पुनरकर्जा तथा रु. १ अर्ब ३० करोडको निर्यात पुनरकर्जा उपयोग भएको छ।

२८. रु. २ लाखसम्मको बैंक निक्षेपलाई सुरक्षण गर्ने व्यवस्था अनुरुप २०७३ जेठ मसान्तसम्ममा १५० बैंक तथा वित्तीय संस्थाहरूको जम्मा रु. ३१८ अर्ब ३६ करोड निक्षेपको सुरक्षण गरिएको छ। कर्जा सुरक्षण व्यवस्था अर्न्तगत कुल रु. २ अर्ब ९३ करोड कर्जा सुरक्षण भएको छ।

२९. २०७३ जेठ मसान्तसम्ममा ९६ वटा इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरू एक आपसमा गाभिएर ३५ वटा संस्था कायम भएका छन्।

क्रमश: १० पेजमा

त्यसैगरी, हालसम्म १ वाणिज्य बैंकले २ वित्त कम्पनी र १ विकास बैंकले अर्को १ विकास बैंकलाई प्राप्ति गरेका छन् ।

३०. बैंक तथा वित्तीय संस्थाहरूको चुक्ता पुँजी २०७३ जेठमा रु. १६२ अर्ब २६ करोड पुगेको छ । २०७२ असार मसान्तमा यी संस्थाहरूको चुक्ता पुँजी रु. १४१ अर्ब ६० करोड रहेको थियो ।

## आर्थिक वर्ष २०७३/७४ को मौद्रिक नीतिको स्वरुप

### मौद्रिक नीतिको कार्यदिशा

३१. राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय आर्थिक परिदृश्य र नेपाल सरकारको आर्थिक वर्ष २०७३/७४ को बजेटले अवलम्बन गरेका उद्देश्य तथा प्राथमिकतासँग तादात्म्य कायम गर्दै प्रस्तुत मौद्रिक नीतिको कार्यदिशा तय गरिएको छ ।

३२. माग पक्षबाट मुद्रास्फीतिमा चाप पर्न नदिन मौद्रिक योगाङ्कहरूलाई वाञ्छित सीमाभित्र राख्ने गरी मौद्रिक नीतिको कार्यदिशा निर्धारण गरिएको छ ।

३३. वित्तीय बजारमा देखिने उतार चढावलाई सम्बोधन गर्ने उपायको रुपमा अल्पकालीन ब्याजदरलाई वाञ्छित स्तरमा राख्ने मौद्रिक कार्यदिशाको लक्ष्य रहेको छ ।

३४. विप्रेषण आप्रवाहमा हाल देखिएको घट्दो वृद्धिदर र आयातमा आउन सक्ने बढोत्तरीका कारण बाह्य क्षेत्र स्थायित्वमा पर्न सक्ने जोखिम न्यूनीकरणलाई पनि मौद्रिक नीतिको कार्यदिशा तय गर्दा ध्यान दिइएको छ ।

३५. घरजग्गा एवम् सेयर कारोबार लगायतका क्षेत्रमा हुने कर्जा विस्तारका कारण समग्र वित्तीय स्थायित्वमा पर्न सक्ने संभावित असरप्रति सजग रहँदै बढीभन्दा बढी वित्तीय साधन कृषि, ऊर्जा, पर्यटन, घरेलु तथा साना उद्योग लगायतका उत्पादनशील क्षेत्र एवम् विपन्न वर्गमा प्रवाह हुने गरी मौद्रिक नीतिको कार्यदिशा तय गरिएको छ ।

३६. वित्तीय साक्षरता र वित्तीय पहुँच विस्तारका माध्यमबाट वित्तीय समावेशीकरणमा जोड दिनेतर्फ समेत मौद्रिक नीति अभिमुख रहेको छ ।

### आर्थिक तथा मौद्रिक लक्ष्य

३७. आर्थिक वर्ष २०७३/७४ को बजेटमा उल्लेख भए बमोजिम उपभोक्ता मुद्रास्फीति दरलाई ७.५ प्रतिशतको सीमाभित्र राखिनेछ ।

३८. मौद्रिक तथा बाह्य क्षेत्र व्यवस्थापनमार्फत् कम्तीमा ८ महिनाको वस्तु तथा सेवाको आयात धान्न पर्याप्त हुने विदेशी विनिमय सञ्चिति कायम राखिनेछ ।

३९. नेपाल सरकारको बजेट वक्तव्यमा उल्लिखित ६.५ प्रतिशतको आर्थिक वृद्धि हासिल गर्न सहयोग पुग्ने गरी आवश्यक तरलताको व्यवस्थापन गरिनेछ ।

४०. मौद्रिक नीतिको अन्तरिम लक्ष्यको रुपमा रहेको विस्तृत मुद्राप्रदायको वृद्धिदरलाई १७ प्रतिशतमा सीमित गरिनेछ ।

४१. कर्जा योगाङ्कहरूमध्ये आन्तरिक कर्जा विस्तार लक्ष्य २५ प्रतिशत कायम गरिएको छ । त्यसैगरी, निजी क्षेत्रतर्फको कर्जा २० प्रतिशतले वृद्धि हुने प्रक्षेपण छ ।

### मौद्रिक नीतिको सञ्चालन लक्ष्य तथा उपकरण

४२. अल्पकालीन ब्याजदरमा आउने उतार चढावलाई न्यूनीकरण गर्दै ब्याजदर स्थायित्व कायम गर्ने र मौद्रिक व्यवस्थापनलाई आधुनिकीकरण गर्ने उद्देश्यले ब्याजदर करिडोरलाई क्रमशः लागू गर्ने व्यवस्था मिलाइएको छ ।

४३. दुई हप्ता अवधिको बजारमा आधारित पूर्व निर्धारित रिपो रेटलाई नीतिगत दरको रुपमा लिइनेछ । खुला बजार कारोबार समितिले दुई कार्य दिन अगाडिको भारित औसत अन्तरबैंक दरमा २०० बेसिस प्वाइन्ट थपी रिपो रेट निर्धारण गर्नेछ । सो दरमा तोकिएका काउण्टरपार्टीहरूलाई घोषित रकममा बोलकबोल गर्न आह्वान गरिनेछ ।

४४. बजारमा आधारित पूर्व निर्धारित ब्याजदरमा दुईहप्ते निक्षेप संकलन बोलकबोलमार्फत् तरलता प्रशोचन गर्ने व्यवस्था गरिनेछ । खुला बजार कारोबार समितिले दुई कार्य दिन अगाडिको भारित औसत अन्तरबैंक दरमा १० आधार विन्दु (बेसिस प्वाइन्ट) ले घटाई निक्षेप संकलन दर निर्धारण गर्नेछ । काउण्टरपार्टीहरूलाई रकममा बोलकबोल गर्न आह्वान गरिनेछ ।

४५. मौद्रिक नीतिका उद्देश्य र तरलता अनुगमन तथा प्रक्षेपण संरचनाले निर्धारण गरेको तरलता परिमाणलाई आधार बनाई खुला बजार कारोबार समितिले आवश्यकता अनुसार दुई हप्ता अवधिको निक्षेप संकलन बोलकबोलको लागि आह्वान गर्नेछ ।

४६. ब्याजदर करिडोरको माथिल्लो सीमा (Upper bound) को काम स्थायी तरलता सुविधाको दरले र तल्लो सीमा (Lower bound) को काम दुई हप्ता अवधिको निक्षेप संकलनको ब्याजदरले गर्नेछ । स्थायी तरलता सुविधा काउण्टरपार्टीहरूलाई साविक बमोजिम धितोयुक्त ५ दिनसम्मको तरलता प्रदान गर्ने द्वारको रुपमा रहनेछ । अन्तरबैंक ब्याजदर र दुई हप्ता अवधिको रिपोदर ब्याजदर करिडोरभित्र रहने छन् ।

४७. सोझै बिक्री, खरिद, रिपो र रिभर्स रिपो बोलकबोल जस्ता खुला बजार उपकरणहरूको साविककै व्यवस्था बमोजिम आवश्यकतानुसार तरलता व्यवस्थापनका लागि प्रयोग गरिनेछ । त्यसैगरी, निक्षेप संकलन बोलकबोल बहुब्याजदरमा र नेपाल राष्ट्र बैंक ऋणपत्र बोलकबोल एकल ब्याजदरमा निष्काशन गरिने पद्दतिलाई यथावत कायम गरिएको छ ।

४८. अनिवार्य नगद अनुपात यथावत कायम गरिएको छ । साथै, बैंक तथा वित्तीय संस्थाहरूको यस बैंकमा रहेको मौज्दातलाई अनिवार्य नगद अनुपात गणना प्रयोजनका लागि लिइने व्यवस्थालाई निरन्तरता दिईएको छ ।

४९. अनिवार्य नगद मौज्दात कायम गर्ने अवधिलाई साविक एक हप्ताबाट दुई हप्ता गरिएको छ । यस्तो मौज्दात दैनिक रुपमा ७० प्रतिशत कायम गर्नुपर्ने व्यवस्था गरिएको छ । ठीक दुई हप्ता अगाडिको एक हप्ताको औसत स्वदेशी निक्षेपको आधारमा मौज्दात अनुपात गणना गर्ने व्यवस्था मिलाइने छ ।

५०. विद्यमान बैंकदर तथा वैधानिक तरलता अनुपात यथावत् कायम गरिएको छ । त्यसैगरी, विद्यमान साधारण तथा विशेष पुनरकर्जा दरहरूलाई पनि यथावत कायम गरिएको छ ।

५१. व्यावसायिक कृषि परियोजनाको धितोमा बैंक तथा वित्तीय संस्थाहरूबाट प्रवाह गरिने रु. १० लाखसम्मको परियोजना कर्जालाई विपन्न वर्ग कर्जामा गणना गर्ने व्यवस्था मिलाइनेछ ।

५२. केरा लगायतका फलफुल खेती, तरकारी खेती, पशुपंक्षी एवम् मत्स्यपालन लगायतका व्यावसायिक कृषि, जलविद्युत र तोकिएका अन्य उत्पादनशील क्षेत्रतर्फको कर्जामा यस बैंकले प्रदान गर्दै आएको साधारण पुनरकर्जा दरलाई ४ प्रतिशतमा यथावत कायम गरिएको

क्रमशः ११ पेजमा

छ । साथै, अष्ट्रिच पालन, अलैंची खेती र मौरी पालन गरी निर्यात गरेमा निर्यात बराबरको रकममा विद्यमान प्रक्रिया अनुसार १ प्रतिशत ब्याजदरमा विशेष पुनरकर्जा प्रदान गर्ने व्यवस्था गरिनेछ ।

५३. वाणिज्य बैंकहरूले आफ्नो कुल कर्जाको २० प्रतिशत तोकिएका उत्पादनशील क्षेत्रमा प्रवाह गर्नुपर्ने व्यवस्थालाई निरन्तरता दिइएको छ । यसमध्ये कृषि तथा ऊर्जा क्षेत्रमा प्रवाह गर्नुपर्ने कर्जाको न्यूनतम सीमा हालको १२ प्रतिशतबाट २०७४ असार मसान्तसम्ममा १५ प्रतिशत पुऱ्याउनु पर्ने व्यवस्था गरिएको छ ।

५४. पर्यटकीय संभावना रहेका तर तुलनात्मक रुपमा विकास हुन नसकेका पर्यटकीय गन्तव्य पाथिभरा, माइपोखरी, हलेसी, लाङटाङ, स्वर्गद्वारी, माथिल्लो मुस्ताङ, गढीमाई, जनकपुरधाम, रारा तथा खप्तड क्षेत्रमा सुविधा सम्पन्न स्तरीय होटल स्थापना गर्न साधारण पुनरकर्जा उपलब्ध गराउने व्यवस्था गरिनेछ ।

५५. वाणिज्य बैंकहरूले विपन्न वर्गमा लगानी गर्नुपर्ने ५ प्रतिशतको कर्जा अनुपातलाई यथावत् राखी यस अन्तर्गत न्यूनतम् २ प्रतिशत कर्जा प्रत्यक्ष रुपमा लगानी गर्नुपर्ने व्यवस्था गरिएको छ । साथै, विकास बैंक र वित्त कम्पनीहरूले लगानी गर्नुपर्ने विपन्न वर्ग कर्जा अनुपातलाई यथावत् कायम राखिएको छ ।

५६. मौद्रिक नीतिमा उल्लिखित व्यवस्थाहरूको प्रगतिका सम्बन्धमा त्रैमासिक समीक्षा गरिनेछ ।

## समष्टिगत विवेकशील नियमन

५७. यस बैंकले वित्तीय स्थायित्व तथा उच्च आर्थिक वृद्धिदर सहजीकरणका लागि उत्पादनशील क्षेत्रमा कर्जा विस्तार र मूल्य स्थिरता जस्ता आर्थिक उद्देश्यहरू हासिल गर्न मौद्रिक नीतिका अतिरिक्त समष्टिगत विवेकशील नियमन लागू गर्दै आएको छ ।

५८. वाणिज्य बैंकहरूले विवेकशील नियमन अन्तर्गत २०७३ साउनदेखि बासेल-३ मा आधारित न्यूनतम् कमन इक्विटि टियर १ पुँजी अनुपात ४.५ प्रतिशत कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था गरिएको छ । त्यसैगरी, प्राथमिक पुँजी अन्तर्गतका औजारहरू गणना गर्ने गरी कुल जोखिम भारित सम्पत्तिको २.५ प्रतिशत विन्दुले हुने पुँजी क्यापिटल कन्जरभेसन बफर कायम गर्नुपर्ने व्यवस्था गरिनेछ ।

५९. समष्टिगत आर्थिक चरहरूमा भएको उतार चढाव र अर्थतन्त्रको चक्रीय प्रभावको कारण वित्तीय क्षेत्रमा पर्न सक्ने असरलाई न्यूनीकरण गर्नका लागि कुल जोखिम भारित सम्पत्तिको अधिकतम् २.५ प्रतिशत विन्दुसम्मको अतिरिक्त काउन्टर साइक्लिकल बफर (Counter Cyclical Buffer) २०७४ असार भित्र कायम गर्नुपर्ने व्यवस्था गरिएको छ ।

६०. राष्ट्रिय स्तरका विकास बैंकहरूमा हाल रहेको समानान्तर पुँजी गणना विधि हटाई बासेल-२ पूर्ण रुपमा लागू गर्ने व्यवस्था मिलाइनेछ । साथै, राष्ट्रिय स्तरका वित्त कम्पनीहरूमा समेत समानान्तर रुपमा बासेल-२ बमोजिम पूँजी गणना गर्ने व्यवस्था मिलाइनेछ ।

६१. वाणिज्य बैंकहरूले २०७३ साउनदेखि लागू हुने गरी त्रैमासिक रुपमा ४ प्रतिशत लिभरेज अनुपात कायम गर्नुपर्ने व्यवस्था गरिएको छ ।

६२. वाणिज्य बैंकहरूले कुल निक्षेपमा संस्थागत निक्षेपको अंश साविकको ६० प्रतिशतबाट घटाई ५० प्रतिशतको सीमाभित्र राख्नुपर्ने व्यवस्था गरिएको छ ।

६३. शेयरको धितोमा प्रवाह हुने मार्जिन प्रकृतिको कर्जाको सुरक्षण वापत सेयरको मूल्याङ्कन गर्दा पछिल्लो १८० दिनको अन्तिम मूल्यको औसत मूल्य वा सेयरको प्रचलित बजार मूल्यमध्ये जुन कम हुन्छ सोको बढीमा ५० प्रतिशत रकमसम्म मात्र कर्जा प्रवाह गर्न सकिने व्यवस्था गरिएको छ ।

६४. रियल स्टेट कर्जा र त्यसको सुरक्षणबीचको अनुपात (एलटीभी रेसियो) हालको ६० प्रतिशतबाट बढीमा ५० प्रतिशत कायम गर्नुपर्ने व्यवस्था गरिएको छ । आवासीय रियल स्टेट कर्जाको हकमा यस्तो अनुपात ६० प्रतिशतसम्म रहने व्यवस्था गरिएको छ ।

६५. रु. ५० करोड वा सोभन्दा बढीको बहु-बैंकिङ्ग कर्जा उपयोग गर्ने ऋणीहरूको कर्जालाई सहवित्तीयकरण कर्जामा परिणत गर्नुपर्ने सीमा वृद्धि गरी रु. १ अर्ब कायम गरिएको छ ।

## आर्थिक वर्ष २०७३/७४ को वित्तीय क्षेत्र कार्यक्रम

## वित्तीय क्षेत्र सुधार

६६. नेपालले वि.सं. २०४२ देखि प्रारम्भ गरेको पहिलो चरणको वित्तीय क्षेत्र सुधार कार्यक्रमले प्रतिस्पर्धाको वातावरण सिर्जना गऱ्यो भने वि.सं. २०५० को दशकको मध्यतिर शुरु गरिएको दोस्रो चरणको कार्यक्रम संस्थागत सुशासन तथा वित्तीय क्षेत्रको सुदृढीकरणमा केन्द्रित रहेको छ । पहिलो र दोस्रो चरणको वित्तीय क्षेत्र सुधार कार्यक्रमका उपलब्धिहरूलाई जगेर्ना गर्दै परिवर्तित आर्थिक संरचनासँग तालमेल खाने समावेशी वित्तीय संरचना निर्माणमा तेस्रो चरणको वित्तीय क्षेत्र सुधार कार्यक्रम केन्द्रित गर्नुपर्ने देखिन्छ ।

६७. वित्तीय क्षेत्र विकास रणनीति स्वीकृत भएपश्चात् उक्त रणनीतिमा उल्लिखित कार्यक्रमहरू चरणवद्ध रुपमा कार्यान्वयन गर्दै लगिनेछ ।

## नियमन तथा सुपरिवेक्षण

६८. बैंक तथा वित्तीय संस्थाहरूले महानगरपालिका तथा उप-महानगरपालिका क्षेत्रभित्र र नगरपालिकाका सदरमुकाम बाहेकका स्थानहरूमा शाखा खोल्न यस बैंकको पूर्व स्वीकृति लिनु नपर्ने व्यवस्था गरिएको छ ।

६९. पूर्वाधारका क्षेत्रमा लगानी गर्न निजी क्षेत्र समेतको सहभागितामा पूर्वाधार विकास बैंक स्थापना गर्ने कार्य अगाडि बढाइने छ ।

७०. समग्र बैंकिङ्ग प्रणालीको संस्थागत सुशासन एवम् जोखिम व्यवस्थापनको गुणस्तर सुधार गर्नका लागि अन्तर्राष्ट्रिय असल अभ्यास समेटी बैंक तथा वित्तीय संस्थाका सञ्चालकहरूलाई अभिमुखीकरण गर्न "सञ्चालक शिक्षा कार्यक्रम" सञ्चालन गरिनेछ ।

७१. सामाजिक सुरक्षा भत्ता बैंक खातामार्फत् उपलब्ध गराउन तथा सबै नेपालीको बैंक खाता अभियान सञ्चालन गर्ने सम्बन्धमा आवश्यक व्यवस्था मिलाइनेछ ।

७२. बैंक तथा वित्तीय संस्थाहरूले संस्थागत उत्तरदायित्व सम्बन्धी कार्यमा आफ्नो मुनाफाको कम्तीमा १ प्रतिशत रकम छुट्ट्याउनु पर्ने तथा कुल कर्मचारी खर्चको न्यूनतम ३ प्रतिशत रकम तालिम तथा वृत्ति विकासमा खर्च गर्नुपर्ने व्यवस्था गरिनेछ ।

७३. नगद कारोबारबाट हुने जोखिम न्यूनीकरण गर्न रु. ५० लाखभन्दा बढीको कारोबार अनिवार्य रुपमा चेकमार्फत् गर्नुपर्ने व्यवस्था रहेकोमा उक्त सीमालाई घटाई रु. ३० लाख कायम गरिएको छ ।

बाँकी अन्तिम पेजमा

## लघुवित्त तथा वित्तीय साक्षरता

७४. लघुवित्त संस्थाहरूले कर्जा लगानी गर्दा ग्राहकसँग लिने ब्याजदर सम्बन्धित संस्थाको कोषको लागत (Cost of fund) मा बढीमा ७ प्रतिशत स्प्रेड कायम गरी ब्याजदर निर्धारण गर्ने व्यवस्था मिलाइनेछ।

७५. संघीय संरचना तथा इ-म्यापिङ्गको अध्ययन प्रतिवेदन समेतलाई दृष्टिगत गरी लघुवित्त संस्थाहरूको वित्तीय पहुँचको अवस्था, स्तर वृद्धि, मर्जर/प्राप्ति तथा संचालन सम्बन्धमा अध्ययन गरी आवश्यक नीतिगत व्यवस्था गरिनेछ । यस्तो व्यवस्था नभएसम्मका लागि लघुवित्त संस्था स्थापना एवम् वित्तीय कारोबार गर्न इजाजतपत्रको लागि आवेदन लिने कार्य स्थगन गरिएको छ। तर तोकिएका जिल्लामा प्रधान कार्यालय रहने गरी स्थापना हुने लघुवित्त संस्थाहरूको लागि विद्यमान इजाजत नीतिलाई यथावत् राखिएको छ।

७६. राष्ट्रिय स्तरको थोक कर्जा प्रदान गर्ने लघुवित्त संस्थाहरूले २०७५ असार मसान्तसम्म न्यूनतम् चुक्ता पूँजी रु. ६० करोड कायम गर्नुपर्ने व्यवस्था गरिएको छ।

७७. लघुवित्त संस्थाहरूबाट प्रवाह हुने विद्यमान कर्जा सीमा वृद्धि गरिएको छ।

७८. जनसाधारणलाई वित्तीय सेवाको उपयोग गर्नका लागि प्रोत्साहन गर्न, वित्तीय सेवाका ग्राहकहरूको हित संरक्षण गर्न तथा वित्तीय समावेशीकरण बढाउन नेपाल सरकारबाट राष्ट्रिय वित्तीय साक्षरता नीति स्वीकृत भएपश्चात् सो अनुसारको कार्य अगाडि बढाईनेछ।

## विदेशी विनिमय व्यवस्थापन

७९. भारत बाहेक तेस्रो मुलुकहरूबाट ड्राफ्ट-टी.टी.को माध्यमबाट वस्तु आयात गर्दा एक पटकमा बढीमा अमेरिकी डलर ४० हजार बराबरसम्मको परिवर्त्य विदेशी मुद्रा भुक्तानी दिन पाइने व्यवस्था रहेकोमा सो सीमामा वृद्धि गरी अमेरिकी डलर ५० हजार कायम गरिनेछ।

८०. भारतबाट परिवर्त्य विदेशी मुद्रा भुक्तानी हुने गरी सफ्टवेयर खरिद गर्नुपरेमा हाल एकपटकमा बढीमा अमेरिकी डलर १० हजार सीमा रहेकोमा यसलाई वृद्धि गरी अमेरिकी डलर १५ हजारसम्मको सफ्टवेयर एल.सी.मार्फत् आयात गर्न पाउने व्यवस्था गरिनेछ।

८१. विप्रेषण तथा मनिचेञ्जर व्यवसायमा संलग्न संस्थाहरूले कायम गर्नुपर्ने चुक्ता पुँजी वृद्धि गर्नुपर्ने व्यवस्था गरिएको छ।

८२. परिवर्त्य विदेशी मुद्रामा खाता हुने नेपालीले आफ्नो खाताबाट वस्तु तथा सेवा खरिद गर्ने प्रयोजनका लागि वार्षिक अमेरिकी डलर १५ हजारसम्म भुक्तानी दिनसक्ने व्यवस्था गरिनेछ।

८३. परिवर्त्य विदेशी मुद्राको मागलाई दृष्टिगत गरी खरिददर मात्र उल्लेख हुने विदेशी मुद्राहरूको खरिददर र बिक्रीदर दुबै तोकी बिक्री गर्ने व्यवस्था मिलाइनेछ।

८४. श्रम स्वीकृति लिई कार्य गरिरहेका विदेशी नागरिकहरूले परिवर्त्य विदेशी मुद्रामा तेस्रो मुलुकमा पारिश्रमिक पठाउनु पर्दा तोकिए बमोजिमको कागजात लिई तोकिए बमोजिमको रकम बैंक तथा वित्तीय संस्थाहरूबाट सोझै भुक्तानी गर्ने व्यवस्था मिलाइनेछ।

## अन्त्यमा,

८५. चालु आर्थिक वर्षको पछिल्लो समयमा आर्थिक गतिविधिमा आएको सुधारसँगै आगामी दिनमा अर्थतन्त्रले गति लिने अपेक्षा गरिएको छ । अर्थतन्त्रको पुनरुत्थान एवम् पुनर्निर्माणमा केन्द्रित सरकारी बजेटको कार्यान्वयनबाट मूल्यमा दबाब पर्न नदिने गरी मौद्रिक व्यवस्थापनमा सन्तुलन मिलाउनु पर्ने चुनौती थपिएको छ। त्यसैगरी, विप्रेषण आप्रवाहमा आउन सक्ने उतार-चढावबाट वित्तीय तथा बाह्य क्षेत्रमा पर्न सक्ने जोखिमलाई न्यूनीकरण गर्न सावधानीपूर्वक मौद्रिक व्यवस्थापन गर्नुपर्ने अवस्था छ।

८६. पछिल्लो समयमा कर्जा लगानीको वातावरणमा सुधार हुँदै गएको परिप्रेक्ष्यमा नेपाल सरकारको बजेटसँग सन्तुलन मिलाई तर्जुमा गरिएको आर्थिक वर्ष २०७३/७४ को मौद्रिक नीतिको कार्यान्वयनबाट समष्टिगत आर्थिक स्थायित्व कायम गर्न तथा लक्षित आर्थिक वृद्धि हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ।

८७. प्रस्तुत मौद्रिक नीति तर्जुमाको क्रममा सहयोग पुऱ्याउने नेपाल सरकारका निकायहरू, बैंक तथा वित्तीय संस्थाहरू, विभिन्न व्यावसायिक संघ-संस्थाहरू, विद्वत् वर्ग, सञ्चार माध्यम लगायत सबै सरोकारवालाहरूलाई धन्यवाद ज्ञापन गर्दै यो मौद्रिक नीतिमा व्यवस्था गरिएका नीति तथा कार्यक्रमहरूको कार्यान्वयनमा सदाझै सबैको सहयोग प्राप्त हुने अपेक्षा गरिएको छ।

मितिः २०७३ असार ३० गते

## बढुवा

प्रशासन सेवातर्फ रिक्त रहेको प्रधान सहायक (सहायक प्रथम) पद संख्या ८ मूल्यांकन बढुवाद्वारा पूर्ति गरिएको छ।

यस अनुसार सहायक (सहायक द्वितीय) पदमा कार्यरत विराटनगर कार्यालयका सुनिल अधिकारी, मुद्रा व्यवस्थापन विभागका महेशदत्त भट्ट, बैंकिङ कार्यालयका डिल्लीकुमार थापा मगर, सिद्धार्थनगर कार्यालयका देवराज ज्ञवाली र नेपालगञ्ज कार्यालयका कमलप्रसाद न्यौपाने प्रधान सहायक (सहायक प्रथम) मा बढुवा हुनु भएको छ।

यसैगरी, सहायकहरू धनगढी कार्यालयका सुरज चौधरी, बैंकिङ कार्यालयका तुलसा ओझा र नेपालगञ्ज कार्यालयका मञ्जुकुमारी न्यौपाने पनि आन्तरिक मूल्यांकनका माध्यमद्वारा प्रधान सहायक (सहायक प्रथम) मा बढुवा हुनु भएको छ।

बढुवा हुनु भएका सबैलाई नेपाल राष्ट्र बैंक समाचार हार्दिक बधाई ज्ञापन गर्दछ।

**प्रकाशक**
नेपाल राष्ट्र बैंक गभर्नरको कार्यालय, जनसम्पर्क महाशाखा
बालुवाटार, काठमाण्डौं, फोन : ४४१९८०४, Ext.: ३६२
ईमेल : samachar@nrb.org.np, वेवसाईट : www.nrb.org.np

**सम्पादक**
विभुप्रसाद अर्याल

**सम्पादन सहयोगी**
सुरेश पन्त
सार्थक कार्की
नवीना ताम्राकार

मुद्रण : अक्सफोर्ड इन्टरनेशनल पब्लिकेशन, अनामनगर, काठमाडौं, फोन नं. ०१-४७७०६१३, ४७७०२५३